आज मिति २०८२ चैत्र ३ गते मंगलबारका दिन दुहवी नगरपालिकाका नगर प्रमुख श्री वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा तपसिलका विषयहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिती:

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | वेद नारायण गच्छदार | नगर प्रमुख | |
| २ | मेनुका पोखरेल खतिवडा | नगर उप-प्रमुख | |
| ३ | मो.अजुल हुसैन | वडा अध्यक्ष | |
| ४ | अरविन्द कुमार विश्वास | वडा अध्यक्ष | |
| ५ | माधव बहादुर भण्डारी | वडा अध्यक्ष | |
| ६ | मो.मस्तकी मिया | वडा अध्यक्ष | |
| ७ | रमेश रौनियार | वडा अध्यक्ष | |
| ८ | घनश्याम हलुवाई | वडा अध्यक्ष | |
| ९ | विजय चौधरी | वडा अध्यक्ष | |
| १० | तारिकचन्द सरदार | वडा अध्यक्ष | |
| ११ | मेहदी हुसेन | वडा अध्यक्ष | |
| १२ | तुलाराम माझी | वडा अध्यक्ष | |
| १३ | खड्गनारायण उराव | वडा अध्यक्ष | |
| १४ | रामचन्द्र चौधरी | वडा अध्यक्ष | |
| १५ | ललिता चौधरी | कार्यपालिका सदस्य | |
| १६ | बबिता देवी थरूनी | कार्यपालिका सदस्य | |
| १७ | सरिता कुमारी रिषिदेव | कार्यपालिका सदस्य | |
| १८ | ललिता सादा हरिजन | कार्यपालिका सदस्य | |
| १९ | मिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | जयब्रत सरकार | कार्यपालिका सदस्य | |
| २१ | धर्मेन्द्र रिषिदेव | कार्यपालिका सदस्य | |
| २२ | सरिता मुसहर्नी | कार्यपालिका सदस्य | |
| २३ | सुवर्ण घिमिरे | प्र.प्र.अ. | |
| २४ | शिवनारायण चौधरी | का.स. | |
| २५ | | | |
| २६ | | | |

आज मिति २०८२ चैत्र ०३ गते मंगलबारका दिन दुहवी नगरपालिकाको नगर प्रमुख बेदनारायण गच्छदारज्यूको अध्यक्षतामा बसेको कार्यपालिका वैठकमा तपसिल बमोजिमको प्रस्तावहरु पारित गर्ने निर्णय गरियो ।

प्रस्तावहरुः

प्रस्ताव नं. १ - राजश्व सम्बन्धमा ।
प्रस्ताव नं. २ - प्रदेश समपुरक अनुदान सम्बन्धमा ।
प्रस्ताव नं. ३ - विविध ।

निर्णयहरुः

निर्णय नं. १ - प्रस्ताव नं १ माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको आन्तरिक स्रोत अनुमान रु.३२,०४,००,०००/- रहेकोमा हालसम्म रु.४,२७,००,०००/- मात्र संकलन भएकोले थप राजश्व संकलनका लागि आ.व. २०८१/८२ को टोलीलाई पुनः परिचालन गरी राजश्व संकलनमा तदारुकता ल्याउने निर्णय गरियो ।

निर्णय नं. २ - प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको तर्फबाट आर्थिक तथा योजना मन्त्रालय कोशी प्रदेशमा देहायका योजनाहरु समपुरक अनुदानको लागि माग गरी पठाउने निर्णय गरियो ।

क) वडा नं. ८ को कदम चौक देखि पूर्व बनरझुलाको बुढिगंगा गा.पा. जोड्ने पुल सम्म जाने बाटो - रु. १ करोड

ख) वडा नं. ४ को थारु टोल हुदै वडा नं. ३ को स्वास्थ्य चौकी जोड्ने बाटो - रु. १ करोड

निर्णय नं. २ - विविध

निर्णय नं. क - प्रस्ताव नं क माथि छलफल गर्दा यस आ.व.मा संचालन हुने देहायका खेलकुद प्रतियोगिता स्थगित गर्ने निर्णय गरियो ।

क) नगर प्रमुख कप फुटबल प्रतियोगिता
ख) सोनापुर गोल्डकप फुटबल प्रतियोगिता
गं) उपमेयर कप भलिबल प्रतियोगिता
घ) अन्य प्रमुख खेल प्रतियोगिता

निर्णय नं. ख - प्रस्ताव नं ख माथि छलफल गर्दा यस नगरपालिकाको पुरानो एम्बुलेन्स काम नलाग्ने अवस्थामा पुगिसकेकोले By Back method खरिद वा नया प्रकृयाबाट खरिद गरी नगर आधारभुत अस्पतालमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ग - प्रस्ताव नं ग माथि छलफल गर्दा यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८२/१२/०३ को बैठकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. घ - प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरपालिकाको नगर आधारभुत अस्पतालको डाक्टर आवास भवनको सिढिमा बाकी रहेको भागमा ग्रेनाइट लगाउन रु. ६ लाख समपुरक कोषबाट विनियोजन गरी तत्काल कार्य लगाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ङ - प्रस्ताव नं ङ माथि छलफल गर्दा यस नगरपालिकाको सक्षम छोरी कार्यक्रमको सहजकर्ता स्वयमसेवक छनौटको लागि कार्यविधिको दफा २४ १(ख) अनुसार विज्ञमा न.पा.का जनस्वास्थ्य निरिक्षक श्री उचितनारायण साहुलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. च - प्रस्ताव नं च माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १२ मा रहेको श्री प्रयाग यादवको नाममा रहेको साविक कुसाहा १(घ) मा दर्ता कि.नं.१२७ क्षे.फ. ०-६-७.५ को जग्गा साविक शाझा संस्था सहकारीको नाममा रोक्का रहेको सन्दर्भमा १५ दिने सूचना समेत दावि विरोध प्रयोजनार्थ जारी भइसकेको यद्यपी उक्त जग्गाको सन्दर्भमा कुनै दावी विरोध नभएकोले सम्बन्धित प्रयाग यादवलाई जग्गा फुकुवा सिफारिसका लागि वडा नं. १२ को कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. छ - प्रस्ताव नं छ माथि छलफल गर्दा यस नगरपालिकाका अ.स.ई.अर्जुन देवले भारतीय दुतावासबाट प्रदान गरिने स्नातकोत्तर तहको अध्ययनको प्रारम्भिक प्रकृयाको लागि स्वीकृत माग गरेकोले स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

